संघीय संसद
प्रतिनिधि सभा
दशौं अधिवेशन
बैठक संख्या - ५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल फागुन ६ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुने बित्तिकै नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले सभाको बैठक विगत वर्षदेखि कोभिड-१९ लगायतका कारणहरुबाट प्रभावित भैरहेको छ । यस महामारीका कारण सभाले सामान्यतया बैठकमा व्यतित गर्नुपर्ने समयमा अपेक्षाकृत न्यूनता आएको छ । बैठक सञ्चालनका लागि उपलब्ध समयमा पनि जारी अवरोधका कारण सदन सुचारु हुन सकेको छैन । सभामा विचाराधिन रहेका विधेयकहरुलाई नियमानुसार पारित गर्ने, आम नागरिकका दैनिक समस्याहरु जनप्रतिनिधिले सरकारलाई सुनाउने, समाधानको प्रयत्न गर्ने, सरकारलाई संसदप्रति उत्तरदायी बनाउने, कानून निर्माण एवं निगरानी गर्ने कार्यहरु समेत अवरोधका कारण प्रभावित हुन पुगेको कुरा प्रति ध्यानाकर्षण गराउँदै अवरोध अन्त्य गरी सभा सञ्चालनमा सहयोग गर्न म सम्बन्धित मा० सदस्यहरुलाई विशेष अनुरोध गर्दछु भन्नुभयो ।

त्यसपछि पनि नारा लगाउने क्रम जारी रहेपछि सम्माननीय सभामुखले दैनिक कार्यसूचीको कार्यक्रम अगाडि बढाउनु भएपछि सम्माननीय सभामुखको अनुमतिले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्रप्रसाद बडुले “आदिवासी जनजाति आयोगको प्रतिवेदन आ.व. २०७७/०७८” पेश गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७८ साल फागुन ८ गते आइतबार दिनको १:०० बजे बस्नेगरी दिनको १:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव